**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. २२३

पुनरावेदन नं. ०७४-RB-०१५७

पुनरावेदन दर्ता मितिः-२०७५।०२।०८

**मुद्दाः–मूल्य अभिबद्धि कर (आ.व.२०७१/०७२)।**

साउथ एसियन इन्फ्रास्ट्रक्चर प्रा.लि. का.म.न.पा. ३५ कोटेश्वर (स्थाई लेखा नं. ६०१३९११६१) को अख्तियार प्राप्त सिनियर मेनेजर इन्द्र प्रसाद ढकाल.............१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...............................................१ }प्रत्यर्थी

आन्तरिक राजश्व विभाग, काठमाडौं ..........................................................१

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री गंगाराम गेलाल

शुरु कार्यालयको निर्णय मितिः-२०७४।०९।२६

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- विद्वान वरिष्ठ अधिवक्ता श्री रामकृष्ण निराला,

विद्वान अधिबक्ताद्वय डा.श्री रूद्र शर्मा र श्री तारादेव जोशी

प्रत्यर्थी कार्यालयका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री विकास बन्जारा

**अवलम्वित नजीरः ×**

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०९।२६ मा भएको अन्तिम कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय

पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा उक्त निर्णय दिएको सूचनाको जानकारी हालसम्म नआएको भनी विभागलाई सूचना दिई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

## तथ्य खण्ड

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका विभिन्न प्रकारका ठेक्कापट्टा संचालन गर्ने करदाता श्री साउथ एसियन इन्फ्रास्ट्रक्चर प्रा.लि.को आर्थिक वर्ष २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फको कर लेखा परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम कर र जरिवाना समेत जम्मा रू.९,७७,४७२।- को प्रारम्भिक कर निर्धारण आदेश करदाताको नाममा मिति २०७४।०९।०५ मा जारी भएको।

२. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७४।०९।०५ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश करदाताले मिति २०७४।०९।०७ मा बुझी लिई सो को जवाफ मिति २०७४।०९।२० मा पेश गरेको।

३. करदाताले जवाफ पेश गर्दा बुदा नं. (क) र (ख) को हकमा कार्यालयबाट गरिएको मूल्य अभिबृद्धि कर निर्धारणलाई स्वीकार गरेको र खण्ड (ग) को हकमा भोटेकोशी पावर कम्पनी प्रा.ली.लाई आ.व. २०७२/०७३ मा बिक्री बिना काटिएको र मूल्य अभिबृद्धि कर दाखिला गरेको कारणले गर्दा दोहोरो कर लाग्ने भएकाले रू.१,९९,५५२।- छुट गरिदिन अनुरोध गरेको सम्बन्धमा भोटेकोशी पावर कम्पनीसंग साउथ एसियन इन्फ्रास्ट्रक्चर प्रा.लि. ले कम बिक्री देखाई फरक हुन गएको रकम रू. ७,६८,८९४।२८ मा पाउनुपर्ने आयकर वापतको कर कट्टी यस प्रा.लि.ले दाबी गरेको र यस करदाताले सो बराबरको बिक्री आ.व. २०७१/०७२ मा नभएको पुष्टी गर्न नसकेको र यस आ.व.मा उक्त पावर कम्पनीले सेवा प्राप्त गरिसकेको अवस्थामा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ६(२)(ग) बमोजिम सेवाको आपूर्तिको हकमा सेवा प्रदान गरेको बखत कर निर्धारण र असुल उपर गर्नुपर्ने व्यवस्था अनुसार स्वतः बिक्री कायम गरी कर निर्धारण गर्नुपर्ने भएकोले यस कार्यालयबाट मिति २०७२।०९।०५ मा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) तथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम जारी गरेको प्रारम्भिक कर निर्धारण आदेशानुसारको मूल्य अभिबृद्धि कर रू.६,९६,३६८।- तथा जरिवाना रू.२,८१,१०४।- एवं कम्प्युटर प्रणालीवाट गणना भई आउने मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) अनुसार लाग्ने थप दस्तुर र दफा २६ वमोजिम लाग्ने व्याजको उपर कुनै हेरफेर गर्नुपर्ने देखिन नआएकाले कार्यालयबाट गरिएको कर निर्धारण कानून सम्मत

भएको ठहर्छ भन्ने समेत वेहोराको मिति २०७४।०९।२६ मा ठूला करदाता कार्यालयबाट भएको निर्णय।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७४।०९।२८ मा जारी गरेको आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी श्री साउथ एसियन इन्फ्रास्ट्रक्चर प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७७।११।१४ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क.(४) बमोजिम ६० दिनभित्र निर्णय गरि सक्नुपर्नेमा सो नभएको कारणबाट ऐ.ऐनको दफा ३१क.(५) बमोजिम आन्तरिक राजस्व विभागलाई जानकारी दिई म्यादभित्र यस राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गरेको।

५. निवेदकले मिति २०७५।०२।०८ मा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३१क.(५) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन गरिने जानकारी गराएको र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम श्री राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गराएको वेहोराको जानकारी सहित सोको एक प्रति पुनरावेदनपत्र राखी मिति २०७५।०२।१३ मा निवेदन दर्ता गराएको हुँदा प्रस्तुत निवेदकले पेस गरेको प्रशासकीय पुनरावलोकन निवेदनको तथ्यमा प्रवेश गरी निर्णय दिन मिल्ने देखिएन। तसर्थ प्रस्तुत निवेदकले दर्ता गरेको प्रशासकीय पुनरावलोकनको निवेदन लगतबाट कट्टा हुने वेहोराको मिति २०७५।०२।१७ मा भएको आन्तरिक राजस्व विभागको निर्णय।

६. प्रत्यर्थी ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेशको मूल्य अभिवृद्धि कर तर्फ थप कर निर्धारण गर्नु पर्ने कारण र रकम को बुदा नं.१ मा उल्लेखित पायोनियर वायर्स प्रा.लि. समेतका ७ करदाताबाट खरिद गरेका सामानहरुको लेखांकन गर्न भूलवस छुटेको अवस्था वास्तविक नै हो। विपक्षीबाट कुल मुनाफा २४.६३% थप गरी रू.५,९४,८६५।- विक्री कायम गर्ने निर्णय त्रुटिपूर्ण छ, साथै, थप कर निर्धारण गर्नु पर्ने कारण र रकमको बुदा नं.२ सवारी साधन खरिद मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४१ को उपनियम (२) को (ख) मा अटोमोवाइल्स खरिद मूल्यमा ४० प्रतिशत मात्र कर कट्टी गर्न पाउने र ट्रक टिपरमा पुरै कर कट्टी गर्न पाउने व्यवस्था गरेकोले पुनरावेदक करदाताले दावी गरेको क्रेडिट बढी नहुँदा दिलाई पाउँ, विपक्षीको कर निर्धारणको कारण रकमको बुँदा नं. ३ मा उल्लिखित भोटेकोसी पावर कम्पनि प्रा.लि.ले रनिङ्ग विलको रकम रू.७,६८,८९४।२८ समेत जोडी सोमा अग्रिम आयकर कट्टी गरेकोमा प्रस्तुत प्रा.लि.ले चालु आ.व.मा रू.७,६८,८९४।२८ विक्री नदेखाएकोले विक्री फरक परेको रकम रू.७,६८,८९४।२८ मा मूल्य अभिवृद्धि कर जरिवाना समेत गरी रू.१,९९,९१२।- निर्धारण गरेको सम्बन्धमा विपक्षीबाट भएको अन्तिम कर निर्धारण आदेश त्रुटिपूर्ण हुँदा सोलाई बदर गरी अन्तिम कर निर्धारण आदेश अनुसारको कर र जरिवाना, थप दस्तुर तथा ब्याजसमेतको रकम तिर्न नपर्ने फैसला गरी

पाउँ भन्ने समेत बेहोराको करदाताको तर्फबाट मिति २०७५।०२।०८ मा यस न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्र।

७. यसमा मुलुकी ऐन अ.व. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५।०४।१८ मा भएको आदेश।

८. यसमा यी पुनरावेदकको आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका सम्बन्धमा दिएको निवेदन उपर निर्णय भए नभएको बारे जानकारी माग गरी यस न्यायाधिकरणबाट २०७५।०२।०९ मा पत्र लेखिएकोमा सो बारे जानकारी प्राप्त भएको देखिएन। अतएवं: प्रशासकीय पुनरावलोकनका लागि दिएको निवेदन उपर निर्णय भए नभएको के हो? निर्णय भएको भए निर्णय सहितको मिसिल र निर्णय नभएको भए सोही वेहोराको जानकारी ३ दिनभित्र पठाईदिनु भनी आन्तरिक राजस्व विभागमा लखी पठाई जवाफ प्राप्त भएपछि नियमानुसार पेश गर्नू भन्ने वेहोराको यस न्यायाधिकरणबाट मिति २०७५।०९।१२ मा भएको आदेश।

९. पुनरावेदक करदाता साउथ एसियन ईन्फ्रास्ट्रकचर प्रा.लि.को आ.व २०७१/०७२ को मूल्य अभिबृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयबाट भएको मिति २०७४।०९।२६ मा भएको निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभाग समक्ष मिति २०७४।११।१४ मा निवेदन दर्ता गरेकोमा उक्त निवेदन उपर ६० दिन भित्र निर्णय नभएको कारण उल्लेख गरी पुनरावेदन-पत्र दर्ता भएकोमा पुनरावेदक करदाताले आन्तरिक राजस्व विभागमा दिएको प्रशासकीय पुनरावलोकनको निवेदन सहितको सक्कल मिसिल प्राप्त भएको नदेखिँदा उक्त निवेदन सहितको सक्कल मिसिल झिकाई आएपछि लगाउको मुद्दा समेत साथै राखी नियमानुसार पेश गर्नू भन्ने वेहोराको यस न्यायाधिकरणबाट मिति २०७७।०९।२८ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

१०. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता साउथ एसियन इन्फ्रास्ट्रक्चर प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री रामकृष्ण निराला, विद्वान अधिबक्ताद्वय डा. श्री रूद्र शर्मा र श्री तारादेव जोशीले ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री बिकास बन्जाराले शुरु कार्यालयबाट भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

११. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालयबाट

मिति २०७४।०९।२६ मा पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश मिलेको छ, छैन ? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. अव करदाताको पुनरावेदन जिकिरतर्फ दृष्टिगत गर्दा, पहिलो पुनरावेदन जिकिर लेखाँकन गर्न छुटाएको रकम रू १,५४,६६४।–सम्बन्धमा रहेको देखियो। करदाताले, पायोनियर वायर्स प्रा.लि. समेतका ७ करदाताबाट खरिद गरेका सामानहरुको लेखाकंन गर्न भूलवस छुटाएको अवस्था वास्तविक नै हो। करदाता कम्पनीले सामान नवेचेको अवस्थामा विपक्षीबाट कुल मुनाफा २४.६३% थप गरी रू.५,९४,८६५।- विक्री कायम गर्ने गरी भएको निर्णय त्रुटिपूर्ण छ, उक्त निर्णय बदर गरी पाँउ भन्ने पुनरावेदन जिकिर लिएको देखियो। यस सम्बन्धमा पुनरावेदक करदाताले मिति २०७४।०९।२० मा ठूला करदाता कार्यालयलाई दिएको जवाफमा प्रस्तुत शीर्षकको रकम खरिद लेखाकंन गर्न भुलचुकले छुट्याएको र Reconciliation हुन सकेन, त्यस कारणले गर्दा मूल्य अभिबृद्धि कर नियम अनुसार गरिदिनु भनी लेखेको देखिन्छ। सुरू कार्यालयको निर्णयमा समेत करदाताले जवाफ पेश गर्दा बुँदा नं. (क) को हकमा कार्यालयबाट गरिएको मूल्य अभिबृद्धि कर निर्धारणलाई करदाताले स्वीकार गरेको भनी ठहर निष्कर्षमा पुगेको पाईन्छ। यसरी करको रकम ठिक नभएको कुरालाई करदाताले स्वीकार नै गरेको स्थितिमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) वमोजिम कर निर्धारण गर्नुपर्ने नै देखिंदा कुल मुनाफा २४.६३% थप गरी रू.५,९४,८६५।- विक्री कायम गर्ने गरी भएको अन्तिम कर निर्धारणको निर्णय त्रुटिपूर्ण भएको भन्ने पुनरावेदन जिकिर पुग्न सक्ने देखिन आएन।

१३. यसरी नै पुनरावेदकको अर्को पुनरावेदन जिकिर सवारी साधन खरिदमा बढि क्रेडिट दावी गरेको भनी रू.६,२२,८९६।- को अन्तिम कर निर्धारण गरेको सम्बन्धमा रहेको देखिन्छ। यस सम्बन्धमा पुनरावेदक करदाताले मिति २०७४।०९।२० मा ठूला करदाता कार्यालयलाई दिएको जवाफमा सवारी साधनको मूल्य अभिबृद्धि कर शत प्रतिशत भुल चुकले दावी गरेको थियो त्यस कारणले गर्दा नियम अनुसार गरिदिनु अनुरोध छ भनी लेखेको देखिन्छ। सुरू कार्यालयको निर्णयमा समेत करदाताले जवाफ पेश गर्दा बुदा नं. (ख) को हकमा कार्यालयबाट गरिएको मूल्य अभिबृद्धि कर निर्धारणलाई करदाताले स्वीकार गरेको भनी ठहर निष्कर्षमा पुगेको पाईन्छ। यसरी करको रकम ठिक नभएको कुरालाई करदाताले स्वीकार नै गरेको स्थितिमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) वमोजिम कर निर्धारण गर्नुपर्ने नै देखिंदा सवारी साधन खरिदमा बढि क्रेडिट दावी गरेको भनी रू.६,२२,८९६।- कर निर्धारण गरेको निर्णय कानूनसम्मत नै देखियो।

१४. करदाताले अन्तिम जिकिरको रुपमा, भोटेकोसी पावर कम्पनी प्रा.लि.ले रनिङ्ग विलको रकम रू.७,६८,८९४।२८ समेत जोडी सोमा अग्रिम आयकर कट्टी गरेकोमा प्रस्तुत

प्रा.लि.ले चालु आ.व.मा रू.७,६८,८९४।२८ विक्री नदेखाएको भनी विक्री फरक परेको रकम रू.७,६८,८९४।२८ मा मूल्य अभिवृद्धि कर जरिवाना समेत गरी रू.१,९९,९१२।-निर्धारण गरेको त्रुटीपूर्ण रहेको भनी जिकिर लिएको पाईयो। यस सम्बन्धमा पुनरावेदक करदाताले भोटेकोशी पावर कम्पनी प्रा.लि.लाई आ.व. २०७२/०७३ मा बिक्री बिना विल काटिएको र मूल्य अभिबृद्धि कर दाखिला गरेको कारणले गर्दा दोहोरो कर लाग्ने भएकोले रू. १,९९,९१२।- छुट गरिदिनको लागि भनी मिति २०७४।०९।२० मा ठूला करदाता कार्यालयलाई अनुरोध गरेको देखिन्छ। मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ६ को उपदफा (२) मा यस ऐन बमोजिम कर निर्धारण र असुल उपर गर्ने प्रयोजनको लागि कुनै वस्तु वा सेवाको आपूर्ति देहायको समय मध्येमा जुन पहिले हुन्छ सोही समयमा त्यस्तो वस्तु वा सेवाको आपूर्ति भएको मानिनेछ भन्ने व्यवस्था गर्दै खण्ड (ग) मा सेवाको आपूर्तिको हकमा सेवा प्रदान भएको बखत भन्ने व्यवस्था समेत गरिएको पाईन्छ। पुनरावेदक करदाताले उक्त रकम बराबरको बिक्री आ.व. २०७१/०७२ मा नभएको पुष्टी गर्न सकेको देखिएन। आ.व २०७१/०७२ मा भएको कारोबारको कर आ.व २०७२/०७३ मा भुक्तानी गरेको भन्ने करदाताको जिकिर कानूनसम्मत देखिएन। आ.व. २०७१/०७२ मा भोटेकोसी पावर कम्पनीले सेवा प्राप्त गरिसकेको अवस्थामा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ६(२)(ग) बमोजिम सेवाको आपुर्तिको हकमा सेवा प्रदान गरेको बखत कर निर्धारण र असुल उपर गर्नुपर्ने व्यवस्था अनुसार स्वतः बिक्री कायम गरी कर निर्धारण गर्नुपर्ने नै देखिन आयो। अतः ठूला करदाता कार्यालयबाट मिति २०७४।०९।२६ मा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) तथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम मूल्य अभिबृद्धि कर रू.६,९६,३६८।- तथा जरिवाना रू.२,८१,१०४।- एवं कम्प्युटर प्रणालीवाट गणना भई आउने मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) अनुसार लाग्ने थप दस्तुर र दफा २६ बमोजिमको व्याज समेत लाग्ने ठहर गरी भएको निर्णय मिलेकै देखिन आयो। त्यसैले करदाताको उक्त पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

१५. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता श्री साउथ एसियन इन्फ्रास्ट्रक्चर प्रा.लि. (स्थायी लेखा नं.६०१३९११६१) को आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फ ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७४।०९।२६ मा भएको अन्तिम कर निर्धारण आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौंलाई दिनू।

२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः- सरिता रिजाल
कम्प्यूटर अपरेटरः- चन्द्रबहादुर नेपाली
फैसला मितिः- २०७९।११।२९।२
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप